# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
**(दोस्रो पटक प्रकाशित मिति २०७३/१२/२२)**

यस बैंकको केन्द्रीय कार्यालय, बालुवाटार परिसरमा नवनिर्मित दुई तल्ले भवनमा ढल निकास तथा बर्षादको पानी व्यवस्थापनको काम गर्नुपर्ने भएकोले उक्त व्यवसायमा संलग्न इच्छुक रजिष्टर्ड कम्पनी/फर्मबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

१. दरभाउपत्र फाराम दोस्रो पटक सूचना प्रकाशन भएको मितिदेखि ८औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को १:०० बजेसम्म बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागको निर्माण फाँट, बालुवाटारबाट रु. ५००।- (पाँच सय मात्र, पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम दोस्रो पटक सूचना प्रकाशन भएको मितिले ९औं दिन (सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन) को अपराह्न १२:०० बजे भित्र बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभाग, बालुवाटारमा सिलबन्दी गरी पेश गरिसक्नु पर्नेछ । पेश हुन आएका दरभाउपत्रहरु सोही दिन दिउँसो १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थित नभए पनि) खोलिनेछ ।

३. दरभाउपत्र फारामसाथ जमानत बापत् रु.६०,०००।- यस बैंकको बैकिङ्ग कार्यालय, थापाथलीस्थित खाता नं. ११०९९०१/०११-०००-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिन मान्य अवधि भएको यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस बैंकको पक्षमा जारी गरिएको बैंक जमानतपत्र संलग्न गर्नु पर्नेछ । दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

४. थप जानकारीको लागि सामान्य सेवा विभागको निर्माण फाँटमा सम्पर्क राख्न सकिनेछ । साथै, यो सूचना बैंकको वेबसाइट www.nrb.org.np मा समेत हेर्न सकिने छ ।